**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

२०७१।०७२ सालको निर्णय नं.२७६

पुनरावेदन नं. ०७७-RB-००३९

पुनरावेदन दर्ता मितिः२०७७।०४।२३

**<u>मुद्दाः– अग्रिम कर (२०७१/०७२) ।</u>**

| | |
|---|---|
| का.जि.का.म.न.पा.वडा नं.गैह्रिधारा स्थित सनराईज बैंक लि.(साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड) को तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ५५ को जनक शर्मा पौडेल.....................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ..........................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७६।०२।२३

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर
निर्णय मितिः २०७६।१२।१०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७६।१२।१० मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता सनराईज बैंक लिमिटेड (साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड) ले आ.व. २०७१/०७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७२।०९।२९ मा आय विवरण पेश गरेको ।

२. उक्त आ.व. २०७१/०७२ को लागि करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०७१/०७२ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू.४,८०,३००।- (अक्षेरुपी चार लाख अस्सी हजार तीन सय रुपैया मात्र।) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम करदातालाई मिति २०७६।०२।०७ मा सूचना जारी गरिएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०२।०७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०२।०९ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७६।०२।१६ मा पेश गरेको ।

४. करदाताको आय वर्ष २०७१।०७२ को लागि जम्मा अग्रिम कर रु.४,८०,३००।—(चार लाख अस्सी हजार तीन सय रुपैया) आयकर ऐन,२०५८ को दफा ११९ अनुसार २०७६ जेष्ठ सम्मको व्याज र दफा १२०(क) बमोजिम शुल्क समेतलाई कर दाखिला गर्न सोही ऐनको दफा ९०(८) बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।२३ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०२।२३ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सनराईज बैक लि.(साविक श्री नारायणी नेशनल फाईनान्स कम्पनी लिमिटेड) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०३।२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताको आ.व.०७१/०७२ कर परिक्षण क्रममा कर दायित्व भन्दा कम कर रकम दाखिल गरेको सो थप कर रकममा स्वयं करदाताको स्वीकारोक्ति गरेको पाइएकोले आयकर ऐन, २०५८ को दफा १२०(क) वा (ख) बमोजिम शुल्क समेत निर्धारण गर्ने गरी शुरु कर कार्यालयले गरेको निर्णय मिलेकै देखिंदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय ।

७. करदाता बैंकले आफ्नो वार्षिक आय विवरण एवं सो मुताविक दाखिला गर्नुपर्ने कर रकम दाखिला गरी रहेको अवस्थामा बिना आधार एंव कारण शुल्क लगाउन गरी आयकर ऐन,२०५८ को दफा १२०(क) र (ख) बमोजिम कर निर्धारण गर्ने गरी शूरु ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत खारेज गरी पाँउ भन्ने वेहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०४।२३ मा दायर भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।२४ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड हाल सनराइज बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले करदाताले

अग्रिम कर रकममा समेत आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको संशोधित कर निर्धारण आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर माग गर्ने आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर माग गर्ने आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी मुख्य जिकिर लिएको पाइन्छ। आयकर ऐन, २०५८ को दफा १२० मा "*कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ*" भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा "*जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत*" भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। उक्त शुल्क झुठ्ठा वा भ्रमपूर्ण आय विवरण पेश गरी करको दायित्व घटाएको वा कम गरेको अवस्थामा लाग्ने भए पनि दाखिल गर्नुपर्ने अग्रिम कर दाखिल नगरेकोमा लाग्ने नलाग्ने के रहेछ भनी हेर्नुपर्ने देखियो। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०७१/०७२ को हकमा मिति २०७६।०२।२३ मा अग्रिम कर माग गर्दा दफा

१२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (**Retrospective Effect**) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सो हदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१२. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड (स्थायी लेखा नं. ५०००४८७५७) हाल सनराइज बैंक लिमिटेडको आ.व.२०७१।०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको मिति २०७६।०२।२३ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय समेत मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता सनराइज बैंक साविक नारायणी नेशनल फाइनान्स कम्पनी (स्थायी लेखा नं. ५००४८७५७) को आ.व. २०७१/०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७६।०२।२३ मा अग्रिम कर माग गर्दा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय समेत सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले करदाताले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क बुझाउनु नपर्ने हुँदा सो वापतको रकम हिसाब गरी करदाताको अर्को आ.व. को हिसाबमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः सनिता लामा
ना.सु. मनिषा अधिकारी
फैसला मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप